# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीति

# २०७८


**गाउँ कार्यपालिकाको कार्यालय**
**नासोँ गाउँपालिका धारापानी, मनाङ**
**गण्डकी प्रदेश**
**फोन :०१-६२०१४४९,९५६०४९४५०**
Email:nashongrm@gmail.com/Website: nasonmun.gov.np

*लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) रणनीति,२०७८*
*नासौँ गाउँपालिका, धारापानी, मनाङ, गण्डकी प्रदेश, नेपाल*

| | |
|---|---|
| गाउँपालिका : | *नासौँ गाउँपालिका, धारापानी मनाङ* |
| परामर्शदाता संस्था : | *अस्पिसियस इन्भाईरोमेन्टल कन्सल्ट प्रा.लि.भक्तपुर* |
| सम्लग्न विज्ञहरु: | *१. लैससास विज्ञ समूह टोलिनेता : महेन्द्र प्रसाद लामिछाने*<br>*२. लैससास विज्ञ समूह सदस्य : जुनादेवी पुन* |
| समन्वय र सहयोग : | *प्रदेश प्रशिक्षण प्रतिष्ठान, गण्डकी पोखरा* |

*मितिः २०७८,फागुन*

# परिच्छेद-एक

## पृष्ठभूमि, परिचय, विगतका प्रयासहरु, समस्या, चुनौति र अवसरहरु

### १. पृष्ठभूमि

नेपालको संविधान २०७२ ले लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागिताामूलक सिद्धान्तका आधारमा विभेद रहित समृद्ध र न्याय पूर्ण समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मौलिक हक र राज्यको निर्देशक सिद्धान्तका रुपमा व्याख्या गरेको छ । संविधान को धारा १६ ले सबै नागरिकको सम्मान पूर्वक बाच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक, र धारा ५१(ञ) ले सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरेको छ भने धारा ५२ मा राज्यले गर्नु पर्ने दायित्वको पनि व्यवस्था गरिएको छ । धारा ३८ मा महिलाको हक अन्तर्गत मौलिक हकको व्यवस्थाले समान वंशीय अधिकार, महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशिय हक हुनेछ र पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना समान हक भन्ने व्यवस्था गरेको छ । सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, स्वास्थ, शिक्षा, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन, साथै महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । यस्ता हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनिय हुने र पीडितले क्षतिपुर्ति पाउने हक हुनेछ भन्ने समेतको व्यवस्था गरेको छ ।

संविधानको धारा १८ मा समानताको हकले नागरिकहरु सामाजिक र साँस्कृतिक रुपले पछाडि परेका समुदायहरुलाई संरक्षण र सशत्तिकरण गर्दै विकास गर्ने विशेष प्रावधानहरुको व्यवस्था गरेको छ । समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन । यसै गरी संविधानको धारा ४२ मा सामाजिक न्यायको हकले राज्यको हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ । संविधानले सामाजिक वा सास्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमानतकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, पिछडिएको क्षेत्र, आर्थिक रुपले विपन्न खस-आर्य लगाएतका नागरिकहरुको संरक्षण, सशक्तिकरण र विकासका विशेष कार्यक्रम संचालन गर्न सकिने व्याख्या पनि गरेको छ ।

नेपालको बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधतामा एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सदभावलाई संरक्षण एंव प्रबर्धन गर्दै, वर्गिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, सम्बृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने

संकल्प गरेको छ। यही संकल्प अनुसार राज्यको तीनवटै शासकिय तहमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमानतकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरुको समानुपातिक रुपमा अधिकार सुनिश्चित गरेको छ। राज्यले नागरिकहरु बीच धर्म, जात, भाषा, लिंग, वर्ण, आर्थिक अवस्था, क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन। लैङ्गिक समतामूलक राष्ट्र निर्माणको सोच र लैङ्गिक उत्तरदायी शासन व्यवथालाई संस्थागत गर्ने उद्देश्य सहित पन्धौ आवधिक योजना कार्यानवयनमा रहेको छ। राष्ट्रिय योजना आयोगले पन्धौ योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) को आधार पत्र तयार गर्दा संविधानमा व्यवस्था गरेको मौलिक हक, दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले सम्बृद्ध नेपाल, सुखी नेपाली को राष्ट्रिय सोच पुरा गर्न अउदो २५ वर्षका लागि एक दिर्धकालिन सोच तयार गरेको छ। उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्धौ योजना तर्जुमा गरेको छ। यहि तत्थ्यलाई ध्यानमा राखेर लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएको छ। लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने, महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, आर्थिक सम्बृद्धि तथा दिगो विकासका लागि महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन अवसर तथा लाभमा महिलाको समान पहुच सुनिश्चित गर्ने उदेश्यहरु पन्धौं योजनाको उदेश्यको रुपमा राखेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगतरुपमा मध्यकालिन तथा दिर्धकालिन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको र सोहि दफाको उपदफा २ मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशिकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने भनि उल्लेख गरेको छ। लैससासका सवालहरुलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानिय सरकारद्धारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एंव कानूनी प्रावधान तथा सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ र प्रदेश सुशासन ऐन २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले लैससास मूलप्रवाहिकरण सुनिश्चित गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्नका लागि सबै स्थानीय तहमा लैससास मूलप्रवाहिकरण रणनीति निर्माण गर्न पर्ने अवस्थालाई ध्यानमा राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको कामले लैससासका विषयहरु सम्बोधन गर्न सकोस भन्ने उद्देश्यले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provincial and Local Governance Support Programme) मार्फत प्राविधिक तथा आर्थिक सहायता उपलब्ध गराउँदै आइरहेको छ।

यस सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण ( Gender Equality and Social Inclusion) बिना अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिने तथ्यलाई ध्यानमा राख्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राष्ट्रिय सामाजिक समावेशी नीति २०७७, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ लाई कार्यान्वयनका लागि आवश्यक नीतिगत व्यवस्था गरेको छ भने प्रदेश तथा स्थानीय तहमा पनि लैससास नीति र

आवश्यक रणनीति बनाउन सके मात्र समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र राज्यका संरचनाहरुमा सबै नागरिकको समतामूलन पहुँच स्थापित गर्न मद्दत पुग्न सक्दछ । नासौं गाउँपालिका धारापानी मनाङले पनि यहि आवश्यकता र यथार्थलाई मध्यनजर गरी लैससास नीति तयार गरेको हो । लैङ्गिक मैत्री समावेशी गाउँपालिका बनाउने परिकल्पना अनुरुप सामाजिक तथा सास्कृतिक रुपमा पछाडि पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाति उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमानतकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, अशत्त वा असहाय, पिछडिएको क्षेत्र, एकल महिला र हिंसा पिडितहरुलाई समान सहभागीता अग्रसरता र निर्णय प्रक्रियामा अर्थपूण सहभागीताको भूमिका सहित लैङ्गिक समानता र सामानिक समावेशीकरण मार्फत सबैले आत्म सम्मान बोध हुने वातावरण निर्माण गर्न र गाउँपालिकाबाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहिकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न आवस्यक देखिएकोले नासौं गाउँपालिका धारापानी मनाङले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ तर्जुमा गरिएको छ ।

## २.गाउँपालिकाको संक्षिप्त परिचय

नासौं गाउँपालिका नेपालको संविधानको धारा २९५, उपधारा ३ बमोजिम नेपाल सरकारबाट २०७३ साल फाल्गुण २७ गते गठित स्थानीय तहहरु मध्ये एक हो । यो गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्लाको तल्लो भेगमा अवस्थित छ । साविकका धारापानी, ताचैबगरछाप र थोँचे गाविसहरु मिलेर बनेको यस गाउँपालिका ७०९.५८ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार सबै भन्दा कम जनसंख्या भएको गाउँपालिकाहरु मध्य नासौं गाउँपालिका पनि एक हो। नेपालको लैङ्गिक अनुपात ९५.९१ प्रतिशत रहेको छ । मनाङ जिल्लाको कुल जनसंख्या १६७१.पुगेको छ । जसमा महिलाको संख्या.८४० र पुरुषको संख्या ८३१ पुगेको छ । भने मनाङ जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर -१.४१ रहेका छ साथै लैङ्गिक अनुपात १२९.७५ प्रतिशत रहेको छ ( *स्रोत, राष्ट्रिय जनगणना प्रारम्भिक प्रतिवेदन २०७८)* । यस गाउँपालिकाको पूर्वमा गोरखा जिल्ला, पश्चिममा चामे गाउँपालिका र लमजुङ जिल्ला, उत्तरमा नार्पाभूमी गाउँपालिका र चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा लमजुङ जिल्ला पर्दछन् । यस गाउँपालिकामा ९ वटा वडाहरु छन् भने केन्द्र वडा नम्बर ३ धारापानीमा छ । यहाँको मुख्य पेशा कृषि (खेती तथा पशुपालन), पर्यटन, होटल व्यवसाय र व्यापार हुन् ।

## ३. लैससास क्षेत्रमा विगतमा गरिएका प्रयासहरु

विभेद रहित समृद्ध र न्यायपूर्ण समाज स्थापनाको लागि नेपालमा विगत देखिनै महिला, दलित, आदिवासी जनजाति उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमानतकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, भिन्न तरिकाले सक्षम व्यक्तिहरु, अशत्त वा असहाय, एकल महिला, आर्थिक, सामाजिक रुपमा पछाडि परेका व्यक्ति र समुदायलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ ।यसका लागि विभिन्न कार्यक्रमहरु

कार्यान्वयनमा ल्याइएको छ र परिणामस्वरुप लक्षित वर्ग तथा समुदायको सशत्तिकरणमा उल्लेखनिय योगदान पुगेको छ ।

नेपालको अन्तरिम संविधान २०६६ ले राज्यको अग्रगामी पुन-संरचना गरी देशमा विद्यमान वर्गिय,जातिय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरुलाई समाधान गर्ने र सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहशको रुपमा अंगिकार गरिएको थियो । वि. स. २०६३/६४ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुवात भई लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति तर्जुमा गरियो भने लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरु गर्ने कार्यको थालनी पनि गरियो । लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति कार्यन्वयन गर्नका लागि तत्कालिन स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा समावेशीकरण नीति २०६६ तर्जुमा गरेको थियो । बदलिदो राजनितिक परिस्थिति र संवैधानिक व्याख्या अनुरुप नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तर्जुमा गरेको छ । नेपालको संविधान २०७२ ले विविधतायूक्त पहिचानलाई आत्मसाथ गरी समानुपातिक, समावेशी र सहभागितामूलक समाज निर्माणको संकल्प गरेको छ । नेपालले विभिन्न महासन्धिहरुमा हस्ताक्षर गरेको छ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पनि विभिन्न प्रतिवद्धताहरु व्यक्त गरेको छ । महिला विरुद्धका विभेदपूर्ण प्रावधानहरु संशोधन गरी लैङ्गिक समानता कायम गर्न केहि ऐनहरु पनि संशोधन गरेको छ भने राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग गठन गरी लक्षित वर्गको सहभागितालाई सुनिश्चित र प्रभावकारी बनाउन कोशिस गरेको छ । । मुलुकले अङ्गीकार गरेको सङ्घीय ढाँचा र नयाँ शासकीय स्वरुप अनुरुप विगतमा नेपाल सरकारबाट महिला सशक्तिकरणको लागि भए गरेका कार्य प्रदेश तथा स्थानीय तहमा हस्तन्तरण भैसकेको छन् ।

## ४. नासौँ गाउँपालिकामा लैससासको अवस्था

लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरु, नेपालले विभिन्न महासन्धिहरुमा गरेका हस्ताक्षर एवम् प्रतिवद्धताहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस गाउँ पालिकाले लैससास नीतिगत रुपमा प्राथमिकतामा राखेको छ यो गाउँपालिकाले लैङ्गिक हिसां विरुद्धको प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेर यस अभियानमा ऐक्यवद्धता जनाइसकेको छ भने आफ्ना नीति तथा कार्यक्रमहरुमा पनि लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखेको छ । लैङ्गिक समानताका लागि प्रयासहरुले महिलाको शिक्षा, स्वास्थ्य, सम्पत्ति माथिको स्वामित्व तथा श्रम सहभागितामा सकारात्मक परिवर्तन भएको छ । महिलाको राजनीतिक तथा आर्थिक भूमिका प्रभावकारी हुँदै गएको छ । जेष्ठ नागरिक तथा भिन्न तरिकाले सक्षम व्यक्तिहरुका लागि परिचय पत्र वितरण गरिएको छ । महिला तथा सामाजिक आर्थिक रुपमा वहिस्करणमा परेका व्यक्ति वा समुदायको सशक्तिकरण को लागि विभिन्न सीप मूलक कार्यक्रम तथा तालिमहरु सञ्चालन गरिएका

छन् । आमा समुह मार्फत महिलाहरु बचत कार्यमा सकृय भएका छन् । लघु उद्यम विकासको तालिम द्वारा आर्थिक उन्नती तर्फ अग्रसर गरिएका छन् । बालबालिकाको आर्थिक अवस्था अनुसार छात्रवृती उपलब्ध, स्वास्थ्य र शिक्षाको समान अवसर र लाभ प्राप्त गरेका छन् । गर्भवती तथा सुत्केरी महिलाको लागि प्रोत्साहान कार्यक्रम, मातृ शिशु मृत्यु दर सुन्यान्तरमा झार्ने अभियान, महिलाहरुको सशक्तिकरण, नेतृत्व विकास र सम्मानमा टेवा पुऱ्याउने लगाएतका विभिन्न कार्यक्रमहरु रहेका छन् । यसका अलवा राज्यको शासकिय प्रणालीमा सबै लिङ्ग, वर्ग, र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र राज्यको श्रोत, साधन, अवसर र लाभ वितरणमा समतामूलक र न्यायोचित सिद्धान्तलाई अंगिकार गरिएको छ । स्थानीय सरकार नागरिकका बिचमा दोहोरो सम्वाद स्थापित गर्न विभिन्न संयन्त्रहरु मफृत नागरिकबाट रचनात्मक सुझाव ग्रहण गरी शासन सञ्चालनमा अझ बढि पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका विषयमा आम नागरिकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउन नासौं गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवद्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गाउँपालिकाले ऐन नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धी संवेदनशिल भएर बनाउने प्रयास गरेको छ ।

## ५.लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति र अवसरहरु

नेपाल एक बहुजाती, बहुभाषिक, बहुधार्मिक एवम् बहुसास्कृतिक देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ । समाजमा विद्यमान लैङ्गिक, जातिय असमाननता, विभेदयुक्त व्यवहार, मुल्य र मान्यता, महिला शोषण तथा उत्पीडन, गरिबी , आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल द्वारा लैससास क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्न सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको संयुत्त प्रयारमा उल्लेख्य कार्यहरु भएका छन् । लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयमा राज्य द्वारा विभिन्न कार्यक्रमहरु भइरहदा पनि समाजमा लैङ्गिक विभेद तथा हिंसा अझै नियन्त्रण गर्न थुप्रै समस्या र चुनौतिहरु रहेका छन् । घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारका नाममा हुने ओसारपसार तथा बेचबिखन लगायत लैङ्गिकतामा आधारित महिला, किशोरी, बालिका प्रति हुने हिंसा आदि प्रमुख समस्याका रुपमा सहेका छन् । सामाजिक तथा सास्कृतिक रुपमा मानिआएको विभिन्न प्रकारको सामाजिक तथा सास्कृतिक मुल्य, मान्यता, नियम, कुरिती, (बाल विवाह, बहुविवाह, मानव बेचविखन, जातिय छुवाछुतको प्रथा, महिनावारी सम्वन्धी गलत धारणा), निणायक भूमिकामा पुरुषको प्रभुत्व रहनु, अन्धविश्वास जस्ता असामाजिक र हानिकारक कार्य/प्रथाहरु लैससासका प्रमुख समस्या रहेको छ ।समावेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र गाउँपालिका अर्न्तगतका समिति र संरचना निर्माणमा लक्षित वर्गको समतामुलक पहुँच स्थापित गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणा आवश्यक

छ । यसै सर्न्दभमा  यस गाउँपाकिामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको समस्या, चुनौति र अवसरहरु देहाय अनुसार रहेका छन् ।

## ५.१ समस्याहरु

१. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बुझाईमा एकरुपता नहुनु ।

२. गाउँपालीकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण नहुनु ।

३. नियमित रुपमा लैङ्गिक उत्तरदायी बजेट परिक्षण तथा लैससास लेखाजोखा  नहुनु ।

४.लक्षित वर्गको अवसर र लाभ वितरणमा न्यायोचित पहुँच सुनिश्चत हुन नसक्नु ।

५.बन्चितिकरणमा परेका वर्गको आवाजहरु प्रर्याप्त सुनुवाइ तथा आर्थिक सामाजिकरुपमा शसक्तिकरण गर्न नसक्नु ।

६. गाउँपालीकाबाट गठन हुने समिति र संरचनामा पुरुष नै निर्णायक भूमिकामा रहनु ।

७. गाउँपालीकाको अनुगमन तथा मुल्यांकन र प्रतिवेदन प्रणालीले लैससास अवधारणालाई अवलम्बन गर्न नसक्नु ।

८. विभिन्न लक्षित वर्ग, क्षेत्र, र समुदाय बिच व्यवहारगत विभेद वा प्रचलनहरु विद्यमान रहेका छन् जसले समग्र विकास प्रकृयामा कुनै न कुनै रुपमा बाधा उत्पन्न गरिरहेका हुन्छन् ।

९.लैससासको लागि आवश्यक खण्डीकृत तथ्याकं संकलन र अभिलेखिकरणको अभाव रहनु ।

१०.संरचनाहरु अपाङ्ग मैत्री नहनु ।

११.परम्परागत तथा साँस्कृतिक रुपमा मानिआएको अन्धविश्वास, हानिकारक प्रथाहरुका बारेमा जनचेतनाको विकास हुन नसक्नु ।

१२. भौगोलिक बिकटताका कारण महिलाहरुले अवसर तथा लाभ लिन नसक्नु ।

१३.बालबालिकाहरुको विकासको लागि बाल क्लव, सञ्जाल गठन तथा बालबालिका लक्षित कार्यक्रमहरु हुन नसक्नु ।

१४.जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवस्यक कार्ययोजना तर्जुमा तथा लाभ वितरण गर्न नसक्नु ।

१५. स्थानीय उत्पादनलाई महिलाको आर्थिक विकास सँग जोडेर विकास गर्न नसक्नु ।

१६.विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनमा महिला तथा सबै लिङ्ग वर्ग, जातजाति र समुदायको अर्थपूर्ण सहभागिता नहुनु र ती प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाहरुमा महिला हिसां, मानव वेचविखन तथा यौनजन्य घटनाहरु हुनु ।

१७. नैतिक शिक्षा र प्रयाप्त कानून सम्बन्धी ज्ञान हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

## ५.२. चुनौतीहरु

सामाजिक संरचना र सोच परिवर्तन गर्न, नेतृत्वमा रहेका महिला नेतृत्वको निर्णायक भूमिका वृद्धि गर्न, राज्यका सार्वजनिक नीतिमा लैङ्गिक मूलप्रवाहिकरण गर्न, लैङ्गिक हिंसाको अत्य गरी न्यायमा

पहुँच बढाउनु, हानिकारक कुरीति र कुप्रथाको अन्त्य गर्न,  केन्द्र, प्रदेश र स्थानीय तहमा लैङ्गिक सवाललाई आन्तरिकीकरण र संस्थागत गर्न, महिलाको व्यवसायिक एवम् सामाजिक भूमिकालाई सन्तुलन गर्न, खास लक्षित समूहलाई लाभान्वित बनाउन, लैङ्गिक उत्तरदायी शासन व्यवस्थाको विकास मार्फत महिला तथा किशोरी माथि हुने सबै किसिमका विभेद हटाई लैङ्गिक समानता सहित सामाजिक रुपान्तरण गर्न यस क्षेत्रका प्रमुख चुनौतीहरु रहेका छन् । यसको साथै निम्नलिखित चुनौतिहरु छनः

१. गाउँपालिका अन्तर्गत समिति तथा सामाजिक कार्यहरुमा व्यवहारिक रुपमै लैससास मैत्री कायम गर्न नसक्नु ।
२. लाभ वाडफाँडमा वास्तविक लक्षित वर्गको पहिचान र पहुँचमा सुनिश्चिता गर्न ।
३. विद्यमान कानूनी व्यबस्थाका वारेमा लक्षित वर्गलाई अद्यावधिक गराउन ।
४. भौगोलिक बिकटता तथा यातायात र सञ्चारमा पहुँचतामा वृद्धि गर्न ।
५. बन्चितिकरणमा परेका वर्ग र समुहलाई आर्थिक तथा सामाजिक रुपमा शसक्तिकरण गर्न ।
६. व्यवसायिक (कृषि तथा स्थानिय कोर्ष) शिक्षा तथा महिला शसक्तिकरण तालिमको व्यवस्था गर्न ।
७. बाल विकासको लागि बाल क्लब, युवा क्लब, जस्ता संगठनहरुको संगठन र व्यवस्थापन गर्न ।
८. लैससासको लागि आवश्यक खण्डीकृत तथ्याकं संकलन र अभिलेखिकरण गर्न ।
९. विभिन्न लक्षित वर्ग, क्षेत्र, र समुदाय बिच व्यवहारगत विभेद वा प्रचलनहरु विद्यमान हुदा यथास्थितिवादी सोचमा अपेक्षााकृत परिवर्तन गर्न ।
१०. पालिका अन्तर्गतका समिति वा संरचनाहरु तथा कार्यशैलीलाई लैससास मैत्री बनाउन ।
११ शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग, क्षेत्र, जातजाति र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्न ।
१२. विपद पूर्वतयारी तथा प्रतिकार्य वा पुर्नलाभको चक्रमा आवश्यक खण्डिकृत तथ्थाङ्ग संकन र अभिलेखिकरण गर्न ।

## ५.३ अवसरहरु

समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संविधानमा भएका व्यवस्थाहरु, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले अन्तर्राष्ट्रियरुपमा जनाएका प्रतिवद्धता, स्थानीय सरकारले नै नीति तथा कानुन निर्माण तथा नीति निर्माण गर्ने अधिकारले गाउँपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री बनाउने अवसर प्रदान गरेको छ । संघीय तथा प्रदेश सरकारको लैससास मैत्री बजेट तथा कार्यक्रम अनुरुप पालिकालाई नीति तथा कानून बनाउन अवसरहरु प्रदान गरेको छ । राज्यका सबै क्षेत्र तथा तहमा महिलाको ३३ प्रतिशत सहभागिता, अचल सम्पत्ति महिलाको नाममा नामसारी तथा रजिष्ट्रेशनमा कर छुटको व्यवस्था, महिला विरुद्ध विभेदकार कानूनहरुको संसोधन तथा महिलामैत्री कानून निर्माण, सार्वजनिक तथा निजी स्थलहरुमा लैससास मैत्री वातावरणको व्यवस्था, सबै जनतालाई समानता र सामाजिक न्यायको अधिकार, लैससास मैत्री बजेट तथा योजनाहरु, लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण

सुनिश्चित गर्ने, महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, जस्ता कार्यहरुले महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, जेष्ठ नागरिक, बालबालिका, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समूदायहरुले पनि समान अवसर पाउन कानूनी व्यवस्था यस क्षेत्रका अवसरहरु हुन ।

## ६. लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनसंरचना र अधिकारको बाँडफाँडको कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु पन्धौं योजनाको लक्ष्य एंव उदेश्य हासिल गर्न, कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर प्रदान गरी समानता कायम गर्नका लागि न्याय पूर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ । समावेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र स्थानीय निकाय अन्तर्गत बनाइने समिति तथा संरचनाहरुमा लक्षित वर्गको समतामुलक र अर्थपूण पहुँच स्थापित गर्न, स्थानीय सरकार सञ्चालन ऐनको दफा १११ ले व्यवस्था गरे जस्तै कार्यान्वयनमा ल्याउन पनि लैङ्गिक समानता र सामाजिक समावेशकिरण आवश्यक रहन्छ । लैससास क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरु भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति, विपन्न वर्ग र जोखिममा परेका व्यक्तिहरु लगाएत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरुको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधार हुन सकेको छैन । सबै लक्षित वर्ग तथा समुदायहरुको आवाज वा गुनासो सुन्न सकिएको छैन । लक्षित समुदायलाई आफ्नो अधिकार र विद्यमान कानूनी प्रावधानका सम्वन्धमा यथेष्ठ जानकारी  हुन सकेको छैन । समाजमा विभिन्न गलत अभ्यास, रिती रिवाज, चालचलन विद्यमान रहेका छन् । जसले विकासमा वाधा उत्पन्न गरिरहेका छन् । निर्णायक तहमा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सकेको छैन । प्राथमिक्तामा रहेको लक्षित वर्गको कार्यक्रमहरु पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकिरहेको छैन । नेपालले गरेका राष्ट्रिय तथा अन्तर्राट्रिय प्रतिबद्धतालाई पुरा गरी समानता कायम गर्नका लागि राष्ट्रिय लैङ्गिक समानता नीति आवश्यक रहेको छ । शासकिय प्रणलीमा सबै लिङ्ग, वर्ग, र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र राज्यको श्रोत साधन र लाभ वितरण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउन जरुरी छ ।

## ६.१. लैससास नीतिको आवश्यकता

१. शासकिय प्रणालीमा सबै वर्ग, लिङ्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिताको सुनिरिशचत गर्न
२. गाउँपालिकाको योजना तर्जुमा प्रकृया लाई  लैङ्गिक उत्तरदायी बनाउन ।
३. गाउँपालिकाको नीति कानून र संरचनामा लैससासलाई मुलप्रवाहीकरण गर्न ।
४. गाउँपालिका अर्न्तगत सञ्चालन हुने नीति, योजना तथा कार्याक्रमलाई मार्गदर्शन गर्न ।
५. सरोकारवालाहरु बिच बुझाईमा एकरुपता कायम गर्न र लैससास समन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा   सहयोग पुरयाउन ।

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता,संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायीत्व पुरा गर्न ।

७. लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै लाभको न्यायोचित वितरणको व्यवस्था गर्न ।

८. लक्षित वर्गको समस्या र पिडित वर्गको गुनासो सुनुवाईको उचित व्यवस्था गर्न ।

९. सरकारमा सामाजिक समावेशीकरणका अभ्यासहरुलाई संस्थागत गर्न ।

१०.लैङ्गिक असमानता र हिंसाका विभिन्न स्वरुपलाई निरुत्साहित गर्न ।

११. बालबालिकाहरुको सर्वाङ्गिन विकासको लागि समुदाय स्तरमा बाल क्लव तथा अन्य बालबालिका लक्षित अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न ।

१२. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवस्यक कार्ययोजना तर्जुमा गर्न ।

१३. स्थानीय उत्पानलाई महिलाहरुको आर्थिक विकाससंग जोडेर सशक्तिकरण गर्न ।

१४. राज्यको श्रोत साधन, अवसर र लाभको विरणमा लक्षित वर्गको पहुँच वृद्धि गरी समानुपातिक ि वितरणको व्यवस्था सुनिश्चित गर्न ।

१५. स्थानीय सरकारबाट प्रवाह हनु सेवा सुविधामा लक्षित वर्गको पहुँच वृद्धि गर्न ।

१६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता, संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायीत्व पुरा गर्न ।

१७. नेपाल सरकारले गरेको दिगो विकासको लक्षय पुरा गर्न लैससास नीतिको अवस्यकता छ ।

# परिच्छेद- दुई
## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरु

### ७. दीर्घकालीन सोच
लैससास सम्वन्धित सामाजिक तथा सास्कृतिक रुपमा विद्ययमान मुल्य, मान्यता, प्रथा, संस्कार, र व्यवहारमा परिवर्तन गर्दै विकास प्रक्रियामा महिला, बालबालिका, आदिवासि जनजातितो अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक, सामाजिक, राजनैतिक र सार्वजनिक जिवनमा सशक्तिकरण गर्न लैङ्गिक मैत्री, समाबेशी, समानपुातिक र समतामुलक समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

### ८.लक्ष्य
महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव र हिंसालाई निरुत्साहित गर्दै आर्थिक, सामाजिक र रजनीतिक रुपमा सशक्तिकरण सहित कानूनी तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, सीमान्तकृत समूहहरु तथा पिछडिएका वर्गहरु बीच समानता स्थापित गर्ने ।

### ९.उद्धेश्यहरु
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको उद्धेश्य लैससास अवधारणा अनुसार गाउँपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चिता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका मुख्य उदेश्यहरु निम्न अनुसार छन् :

१.महिला, किशोरी तथा बालबालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु ।

२. आर्थिक समृद्धि  र दिगो विकासको लागि लक्षित वर्गको समान  अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्न ।

३. लैङ्गिक भ्दभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्न ।

४.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्धमा लैससास सम्वन्धमा गरिएका प्रतिवद्धता साथै संघीय र प्रदेश सरकारको लैससास सम्वन्धमा गरिएका प्रतिवद्धता अनुरुप दायित्व पुरा गर्नु ।

५.लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परिक्षण र यस मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित समुदायहरुको क्षमता विकास गर्दै अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण गर्दै लैजाने ।

# परिच्छेद- ३
## नीति, रणनीति तथा कार्यनीतिहरु

### १०.नीति, रणनीति तथा कार्यनीतिहरु

### मुख्य नीतिहरु

१.विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिक मैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिइनेछ । (उद्धेश्य १)

२. राज्यको सबै तह र क्षेत्र तथा निकायहरुमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्वन गरिनेछ । (उदेश्य २)

३. महिलाको आर्थिक सशक्तिकरण गर्न जोड दिइनेछ । (उद्धेश्य ३)

४. लैससास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विभिन्न सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी संघ संस्थाहरुको लैससास सम्वन्धमा क्षमता अविवृद्धि गरिनेछ । (उद्धेश्य ४)

५. गाउँपालिकाको विद्यमान र नयाँ तर्जुमा हुने नीति कार्यक्रम तथा बजेट लाई लैङ्गिक उत्तरदायी बनाउदै लक्षित वर्गको योजनाबद्ध रुपमा व्यक्तिगत तथा सामुहिक क्षमताको विकास गर्दै विकास प्रक्रियामा अर्थपुर्ण सहभागिताको सुनिश्चित गरी आर्थिक, सामाजिक, राजनैतिक र सार्वजनिक जिवनमा सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ । (उद्धेश्य ५)

### ११. रणनीतिहरु र कार्यनीतिहरु

| |
|---|
| **नीति १. विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिक मैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने ।** |
| **रणनीतिः**<br>१.१ लैससासलाई संस्थागत गर्न विद्यमान र नयाँ आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने ।<br>१.२.गाउँपालिकाको बार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेटहरुको लैससास दृष्टिकोणबाट तर्जुमा गर्ने ।<br>१.३. लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र बिस्तार गर्ने । |
| **कार्यनीतिः**<br>१.१.१.लैङ्गिक समानता कायम गर्न आवश्यकता अनुसार विद्यमान कानून, मापदण्ड तथा कार्यविधीहरुलाई परिमार्जन गर्दै लैङ्गिक समानतायूक्त बनाइनेछ ।<br>१.१.२.महिला, किशोरी तथा बालिकालाई संविधान प्रदत्त मौलिक हक तथा सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढीकरण, सामाजिक जागरण र सचेतना अभियान सञ्चान गरिनेछ ।<br>१.१.३.महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धि गरी सकरात्मक विभेदको कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिने छ । |

१.१.४.लैङ्गिकमैत्री समाज  निर्माण गर्न विद्यालय शिक्षा देखि नै लैङ्गिक मैत्री पाठ्य सामाग्री र पठनपाठन पद्धतिको विकास गरी पाठ्यसामाग्रीमा लैङ्गिक समानता झल्कने चिन्न, चित्र, कार्टुन लगायतका विषयहरुलाई समावेश गरिनेछ ।

१.१.५. सार्वजनिक तथा निजी भौतिक संरचनाहरुको निर्माण लैङ्गिक मैत्री मापदण्ड अनुरुप गरिनेछ ।

१.१.६. परिवार समाज तथा कार्यस्थलमा महिला प्रति मर्यादित व्यवहार तथा भाषा शैलीलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता कार्यक्रमहरुमा खासगरी स्थानीय तहका निर्वाचित महिला प्रतिनिधि, विद्यालय तथा अभिभावक, टोल सुधार समिति स्थानीय संघ संस्थाहरुलाई क्रियाशिल बनाइनेछ ।

१.१.७. महिलाको मर्यादालाई अवमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथा विरुद्ध आभियान सञ्चालन गरिनेछ ।

१.१.८. सबै क्षेत्रको नेतृत्व तहमा महिला प्रतिनिधि अभिवृद्धि गर्न समानुपातिक सहभागिताका लागि नीतिगत व्यवस्था गरिनेछ ।

१.१.९. लैङ्गिक भूमिकामा रुपान्तरण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन र वितरण, समुदायमा आधारित संस्था, समूह, परिवार र व्यक्तिलाई सम्मान लगाएतका प्रबर्द्धनात्मक कार्य गरिनेछ । सञ्चार माध्यम बाट नियमित रुपमा लैङ्गिक समानता तथा महिला, किशोरी र बालिका प्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्नुका साथै श्रव्य दृश्य सामाग्रीको उत्पादन तथा प्रसारणको व्यवस्था मिलाइनेछ ।

१.१.१०.लैङ्गिक समानता र महिला विकासका अभियानमा पुरुषको सहभागिता अभिवृद्धि गर्दै लगिनेछ ।

**रणनीति १.२ : गाउँपालिकाको बार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेटहरुको लैससास दृष्टिकोणबाट तर्जुमा गर्ने ।**

**कार्यनीतिः**

१.२.१.लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्याक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिनेछ ।

१.२.२.लैससास दृष्टिकोणबाट विगतका अभ्यास तथा प्रतिफलमा आधारित भई वार्षिक योजना आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरिनेछ ।

१.२.३.पालिकाको वार्षिक, आवधिक तथा कार्यक्रमहरुमा बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समूदायका लागि पुँजीगत बजेटमा न्यूनतम प्रतिशत तोकिने कुरा नीतिमा उल्लेख गरिनेछ ।

१.२.४.प्राकृतिक विपत र स्वास्थ्य महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समूदायका लागि आवश्यक पर्ने उद्धार, राहत तथा पुर्नस्थापनाका लागि पालिकामा स्पष्ट नीति तयार गरिनेछ ।

१.२.५.गाउँपालिकाले लैससास समन्वय समिति, वडा तथा तहसम्म उपसमितिहरुको संरचनाहरु

विकास र विस्तार गरिने छ ।

१.२.६.पालिकाको योजना तथा सार्वजनिक सरोकारका विषय वस्तुहरुको जानकारी लक्षित समुदाय सम्म पऱ्याउन  सञ्चारका माध्यमबाट सम्प्रेषण गरिनेछ ।

१.२.७. पालिकाको नीति, कानून, योजना, कार्यक्रम, बजेट, आदिको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको अर्थपूर्ण सहभागिता तथा प्रतिनिधित्वमा सुनिश्चित गरिनेछ

१.२.८.स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोलस्तरबाट नै लक्षित समुदाय भित्रका पनि विपन्न वर्गको अर्थपूर्ण सहभागितामा जोड दिइनेछ ।

१.२.९.सार्वजनिक नीति निर्माण, कार्यन्वयन तथा लाभ बाँडफाँडमा महिला सशक्तिकरणको विषय, बजेट, तथा कार्यक्रम निर्माणमा महिला सहभागिता एवम् लैङ्गिक उत्तरदायी बजेट विनियोजन र कार्यान्वयन समेतलाई विश्लेशण गर्न लैङ्गिक परिक्षण कार्यको थालनि गरिनेछ ।

१.२.१०.लैससासको दृष्टिकोणमा आधारित भई वार्षिक योजना, आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरिनेछ ।

**रणनीति १.३.लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र बिस्तार गर्ने ।**

**कार्यनीतिः**

१.३.१.लैससासबारे संविधान, वर्तमान संघीय शासन स्वरुप नीति नियम, ऐन, कानून कार्यविधि आदिमा भएको व्यवस्थाहरुको सबै सरोकारवालाहरु सँग प्रभावकारी समन्वय कायम गरी कार्यान्वयन गर्न सक्रिय संस्थागत संरचना निर्माण गरी पालिका लगायतका सेवा प्रदायक सरोकारवाला संघसंस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेहि बनाउदै लगिनेछ ।

१.३.२. विशेष गरी पछाडि परेका वा पारिएका वर्ग, समूहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक सचेतिकरण तथा क्षमता अभिवृद्धि गरी पालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित  गरी आर्थिक तथा सामाजिक विकास गरिनेछ ।

१.३.३. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण समन्वय समिति वडा तहसम्म विकास र विस्तार गरिनेछ ।

१.३.४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण समन्वय समिति र उपसमितिहरुलाई कार्यभार प्रभावकारिता पूर्वक वहन गर्न क्षमता विकासको व्यवस्था गरिनेछ ।

१.३.५. विभिन्न माध्यमबाट विभेद तथा हिंसामा परेकाहरुको विशेष संरक्षण गरिनेछ ।

१.३.६. विपत, महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समुदायका लागि आवश्यक पर्ने उद्धार, राहत र पुर्नस्थापनाका लागि गाउँपालिकामा स्पष्ट नीति तयार गरिनेछ  ।

**नीति २. राज्यको सबै तह, क्षेत्र तथा निकायहरुमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्वन गर्ने,**

**रणनीतिः**

२.१.गाउँपालिकाको योजना तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाउने ।

२.२.लैङ्गिक दृष्टिकोणबाट लक्षित समुदायप्रति जवाफदेहि रहेको कुराको सुनिश्चितता गर्न सामाजिक लेखा परिक्षण तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने ।

२.३.कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीन वटै शासकीय तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

**रणनीति २.१. गाउँपालिकाको योजना तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाउने ।**

**कार्यनीतिः**

२.१.१.पालिकाका, वडा स्तर, तथा समुदाय र टोल स्तरमा गठन गरिने विभिन्न सञ्जाल, समूह तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडि परेका वर्ग र समुदायको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चत गरिनेछ ।

२.१.२.लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ र अवश्यक्तामा आधारित रहेर स्वरोजगार मूलक कार्यक्रम तय गरिने छ ।

२.१.३.पालिकाबाट सञ्चालन हुने कार्यक्रमहरुमा लैससासको अवधारणा अनुसार सहभागिता र लाभमा खण्डिकृत तथ्थाङ्क संकलन र नियमित रुपमा अध्यावधिक गरिनेछ ।

२.१.४.पालिकाले योजना तथा कार्यक्रमहरुको समिक्षा गर्दा खण्डिकृत सूचना र प्रतिवेदनलाई आधार मान्ने व्यवस्था गरिनेछ ।

**रणनीति २.२. लैङ्गिक दृष्टिकोणबाट लक्षित समुदायप्रति जवाफदेहि रहेको कुराको सुनिश्चितता गर्न सामाजिक लेखा परिक्षण तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने ।**

**कार्यनीतिः**

२.२.१.पालिकाको योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा वार्षिक रुपमा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोग तथा परिक्षण, गरिनेछ ।

२.२.२. गाउँपालिकाको सूचना तथा जानकारी सम्प्रेषण गर्दा लक्षित समुदायहरुको मातृ भाषामा समेत सम्प्रेषण गरिने छ ।

२.२.३. नियमित रुपमा सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदाय को उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन तथा सनिुश्चित गरिने छ ।

२.२.४. लक्षित समुदायको गुनासो सुन्नका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने कुराको सुनिश्चितता गरिनेछ ।

२.२.५.लक्षित वर्ग र समुदायहरुमा लैससास सम्वन्धी जनचेतना मूलक कार्यक्रम गर्दै बाल क्लव, यूवा क्लव, किशारी समुह, आमा समुह आदि स्थानीय संगठनहरु सस्थागत गरी विभिन्न प्रकारको सामाजिक तथा साँस्कृतिक हानिकारक मुल्य मान्यता, बाल विवाह, मानव बेचविखन, जातिय छुवाछुतको प्रथा, महिनावारी सम्वन्धी गलत धारणा, अन्धविश्वास जस्ता समाजलाई हानी पुऱ्याउने कार्यहरु साथै सरसफाई बारेमा ब्यापक जनचेतनाको कार्य सञ्चालन गरिनेछ ।

२.२.६.पालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई लैससास उत्तरदायी बनाइने छ ।

**रणनीति २.३. कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीन वटै शासकीय तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।**

**कार्यनीतिः**

२.३.१.पालिका, वडा, तथा सामुदाय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति कार्यन्वयन गर्न सम्वन्धित शासकिय तहको क्षमता अभिमवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

२.३.२. स्थानीय तहमा कानून निर्माण तथा कार्यन्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई लैङ्गिक रुपान्तरण र लैङ्गिक उत्तरदायी बजेट प्रकृया बारे अभिमुखिकरण गरिनेछ ।

२.३.३. सबै विषय, क्षेत्रगत नीतिमा लैङ्गिक समानता तथा महिला सशक्तिकरणका विषयलाई समावेश गरी कार्यान्वयनमा ल्याइनेछ ।

२.३.४.लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई पालिकाको सबै शासकिय तहमा संस्थागत गरिनेछ ।

२.३.५.सार्वजनिक तथा निजी क्षेत्रका कार्यस्थलहरुमा लैङ्गिक समानता आचार संहिता तथा उजुरी एवम् सुनुवाई संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२.३.६.सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा महिलाका लागि सकरात्मक विभेदको नीति अवलम्वन गर्न र निजी क्षेत्रका सेवा प्रवाहलाई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसँख्यक मैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

२.३.७. लैङ्गिक समानता र लैङ्गिक मैत्री व्यवहार सम्बन्धि विषयहरुमा स्कुल तथा समुदायमा खुल्ला छलफल र अन्तरकृयामा पुरुष, सामाजिक अभियन्ता, महिला, किशोरी एवम् लैङ्गिक तथा यौनिक अल्पसँख्याक पैरविकर्ताको परिचालन गरिनेछ ।

**नीति ३.महिलाको आर्थिक सशक्तिकरण गर्ने ।**

**रणनीतिः**

३.१.लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन् गर्ने ।

३.२. स्वराजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका अर्थपूर्ण माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने ।

३.३. स्रोत साधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णायक प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने ।

**कार्यनीतिः**

३.१.१.घरेलु कामकाज, हेरचाह कार्य र अभिभावकिय भूमिकामा महिला र पुरुषको समान भूमिकालाई प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ । घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक पक्षको मूल्याङ्कन गरी अर्थतन्त्रमा पुऱ्याएको योगदानको गणना गरिनेछ ।

३.१.२. महिलाको पारिवारिक एवम् औपचारिक क्षेत्रमा रोजगारी उन्मुख गराउन घरेलु तथा हेरचाह जन्य कार्यको बोझ घटाउन प्रविधीको प्रयोग गन प्रोत्साहान मूलक कार्यक्रम सञ्चालन गरिनेछ

३.१.३.महिलाको पारिवारिक एवम् व्यवसाहिक जीवन बीचको सन्तुलन कायम गर्ने गरी पारिवारिक काममा पुरुषको भूमिका बढाउन प्रोत्साहान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३.१.४. प्राविधिक शिक्षामा, पेसा तथा रोजगारीमा रहेको लैङ्गिक अन्तर घटाउन विशेष अभियान सञ्चालन गरिनेछ ।

३.१.५.श्रमप्रतिको सम्मान गर्ने परिपाटी बसाउन विद्यालय शिक्षा एवम् सञ्चार माध्यममा चेतनामूलक सूचना प्रवाह एवम् सामाजिक अभियान आदि कार्यक्रमलाई प्रोत्साहान गरिनेछ ।

३.१.६.महिला तथा किशोरीहरुको लागि प्रजनन् स्वास्थ्य तथा महिनावारी सम्बन्धी चेतनामूलक

कार्यक्रम तथा तालिमहरु सञ्चालन गरिनेछ ।

३.१.७.वडा स्तरमा महिलाहरुलाई सहकारी, उद्धघोषण तथा भाषण कलाको तालिम दिइनेछ ।

३.१.८। स्थानीय उत्पादनलाइ महिला उद्यमसँग जोडि क्षमता विकासको तालिम दिइनेछ ।

**रणनीति** ३.२.स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका अर्थपूर्ण माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने ।

**कार्यनीतिः**

३.२.१.व्यवसाहिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम एवम् सीप विकास तथा उद्योगसँग सम्वन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी महिलाको आर्थिक क्रियाकलापमा वृद्धि गरिनेछ ।

३.२.२.कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, वातावरण संरक्षण लगाएतका कार्यक्रममा स्थानीय तह मार्फत महिलाको आर्थिक क्रियाकलापमा पहुँच, अवसर, र लााभ सुनिश्चित गरिनेछ ।

३.२.३.सार्वजनिक, निजी, साझेदारीमा सञ्चालन गरिने परियाजनामा महिला प्रबन्द्धित लगानीलाई विशेष सहुलियत साथ समावेश गरिनेछ ।

३.२.४.व्यापार व्यवसाय एवम् उद्योग गर्न आवश्यक जानकारी तथा सूचना प्रदान गर्न एवम् अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजिकरण गरिनेछ ।

३.२.५. विपन्न तथा सीमान्तकृत महिलाका लागि विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२.६ महिला उद्यमीद्धारा उत्पादित वस्तुको सङ्कलन भण्डारण र गुणस्तर परिक्षणको व्यवस्था मिलाउनुका साथै एक स्थानीय तहमा एक बिक्री केन्द्रको व्यवस्था गरी उत्पादनको एकिकृत ब जारीकरणमा जोड दिइनेछ ।

३.२.७.महिलाको सम्पत्तिमाथि पहुँच बढाउने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गर्न र महिलाको नाममा सम्पत्ति राख्ने प्रक्रियालाई थप सरलीकृत गरिनेछ ।

**रणनीति ३.३. स्रोत साधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णायक प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने ।**

**कार्यनीतिः**

३.३.१.स्वदेशी पूँजी बजार, व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीको साथै सम्पूर्ण आर्थिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरिनेछ ।

३.३.२.महिला उद्यमशीलता प्रशिक्षण केन्द्र स्थापना गरी एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

३.३.३.महिलाद्धारा प्रवद्धित उद्योग व्यवसाय दर्ता, विद्युत महसुल, ऋण र बीमामा छुट सुविधा तथा सहुलियत प्रदान गर्न व्यवस्था गरिनेछ ।

३.३.४.महिलाको आर्थिक क्रियाकलापमा व्यवसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्नृ सूचना प्रवाहको सहज व्यवस्था मिलाइनेछ ।

३.३.५.महिलालाई उद्यमशीलताको विषयमा जानकारी र आवश्यक प्रविधिक सहयोग उपलब्ध गराउन प्रत्येक स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।

३.३.६.कार्यस्थलमा स्तनपान कक्ष र दिवा शिशु स्याहार केन्द्रको व्यवस्था गरिनेछ ।

३.३.७. उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तिकरणको लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

३.३.८. सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.३.९. महिला विकास कार्यक्रमलाई परिमार्जन गरी विगतका असल अभ्यास र उपलब्धीलाई स्थानीय तहमा संस्थागत गर्दै महिला समूहद्धारा प्रवर्द्धित महिला सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिनेछ ।

३.३.१०. सबै स्थानीय तह, संरचना तथा विकास प्रक्रियाका प्रत्येक चरणमा क्रमश महिलाको सहभागिता वृद्धि गर्दै ५० प्रतिशत हुने व्यवस्था गरिनेछ ।

३.३.११.नीति निर्माण तहमा महिलाको सहभागिता वृद्धि गरी कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायत लाभ तथा प्रतिफलमा महिलाको सारभूत सहभागिता सुनिश्चित गरी असल अभ्यासको अनुकरण गरिनेछ ।

**नीति ४, लैससास नीति प्रभाावकारी रुपमा कार्यान्वयन गर्नका लागि विभिन्न सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी संधसंस्थाहरुको लैससास सम्वन्धमा क्षमता अविवृद्धि गर्न ।**

**रणनीतिः**

४.१ पलिकामा लैससास सम्वन्धी क्षमता अभिवृद्धिको कार्यविधि तर्जुमा गर्ने ।

४.२ पालिकाको समिति तथा वडागत संरचनाहरुमा कार्यजिम्वेवारीमा क्षमता विकासको व्यवस्थाको उल्लेख गर्ने ।

४.३ सरोकारवाला र अधिकारवादि संघसस्थाहरुको क्षमता अभिवृद्धि गरी समन्वय र सहकार्य गर्ने ।

**रणनीति** ४.१ पलिकामा लैससास सम्वन्धी क्षमता अभिवृद्धिको कार्यविधि तर्जुमा गर्ने ।

**कार्यनीतिः**

४.१.१. पालिकाको सेवा प्रदायकहरु, सरोकारवाला, अधिकावादी संघसस्थाहरुको लैससास सम्वन्धमा क्षमताको पहिचान गरी क्षमता अभिवृद्धि कार्ययोजना तर्जुमा गरी आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

४.१.२.पालिका स्तरमा लैससास सम्बन्धी मास्टर प्रशिक्षकहरु उत्पादन गर्ने र सोको परिचालन गरिनेछ ।

४.१.३. पालिका अर्न्तगत योजना तर्जुमा प्रकृयामा संलग्न कर्मचारी र संस्थाहरुलाई लैससासका समस्या र चुनौतिहरुको अवलवन गरी समस्या समाधान गर्न विभिन्न उपायहरु साथै लैससास उत्तरदायी योजना तथा बजेटको विधिहरु बारेमा क्षमता अविवृद्धि गर्दै लगिनेछ ।

४.१.४ पालिकाबाट सञ्चालन हुने सबै तालिम, अन्तरक्रिया र गोष्ठिहरुमा अनिवार्यरुपमा लैससासका विषयहरु समेट्ने साथै पालिकाको मानव संशाधन तथा क्षमता विकास शाखा मार्फत कुनैपनि कार्यक्रममा लैससास प्रवर्द्धनकालागि समेट्नु पर्ने विषय तर्जुमा गरी कार्यान्वयन

गरिनेछ ।

**रणनीतिः४.२ पालिकाको समिति तथा वडागत संरचनाहरुमा कार्यजिम्वेवारीमा क्षमता विकासको व्यवस्थाको उल्लेख गर्ने ।**

**कार्यनीतिः**

४.२.१.लैङ्गिक हिंसा, घरेलु हिंसा, अन्धविश्वास, छुवाछुत, कुरीति लगायतका परम्परागत हानिकारक मुल्य, मान्यता र व्यवहारका विषयमा लक्षित वर्ग जनप्रतिनिधि स्थानिय संघ सस्था लाई अभिमुखिकरण गरिनेछ ।

४.२.३. स्थानीय स्तरमा लैससासको क्षेत्रमा काम गर्ने समुह, सस्था तथा व्यक्ति लाई असल कामको प्रवर्द्धन गर्न वार्षिक रुपमा प्रोत्साहन गरिनेछ ।

४.२.४.लैङ्गिक हिंसा विरुद्धमा विद्यमान कानूनमा भएका व्यवस्थाहरु बारे प्रचार प्रसार तथा कानूनी सचेतना तालिम उपलब्ध गराइनेछ ।

४.२.५.विभिन्न सञ्चारका माध्यमबाट सचेतनामुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन तथा प्रशारण गरिनेछ ।

४.२.६.अन्तरपालिका तहमा लैससास सम्वन्धी भएका असल अभ्यासहरु आदान प्रदान गरिनेछ र अन्तरवडा तहमा असल अभ्यास तथा सिकाई आदान प्रदान गरिनेछ ।

४.२.७.पालिकामा रहेका माध्यमिक विद्यालयका शिक्षकहरुलाई लैससासको अवधाणाका बारेमा अभिमुखिकरण गरिनेछ साथै बाल शिक्षा वा आधरभूत विद्यालयका शिक्षकहरुलाई मोन्टेश्वरी शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

४.२.८ वालक्लबको गठन र क्षमता अभिवृद्धि तालिम, बाल अधिकार, बाल यौन, दुर्व्यवहार, हिंसा सम्बन्धी सचेतना कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

४.२.९.विद्यालयहरुमा समय समयम विद्यार्थिहरुको स्वास्थ्य परिक्षण, खेलकुन तथा अतिरिक्त कृयाकलापहरु संचालन गरिनेछ ।

४.२.१०.वार्षिक रुपमा पालिकाले लैससास प्रवर्द्धन गर्ने खालका सूचना शिक्षा र सञ्चार सामाग्रीह प्रसारण तथा प्रकाशन गरिनेछ ।

**रणनीति ४.३ सरोकारवाला र अधिकारवादी संघसस्थाहरुको क्षमता अभिवृद्धि गरी समन्वय र सहकार्य गर्ने ।**

**कार्यनीतिः**

४.३.१. लैससासका सवाललाई न्यायिक समितिमा प्रमुख प्राथमिकताका साथ सुनुवाई गरिनेछ ।

४.३.२. विशेष गरेर महिला, भिन्न तरिकाले सक्षम व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमूलक, आयमूलक,उद्यमशीलता जस्ता आर्थिक उपार्जन र जीवन उपयोगी कार्यक्रमहरुको सञ्चालन गरिनेछ ।

४.३.३.लिङ्गमा आधारित हिंसा र भेदभावपूर्ण व्यवहार विरुद्ध हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुका अर्थपूर्ण सहभागिता गराइनेछ ।

**नीति ५, लक्षित समुदायको योजनाबद्ध रुपमा ब्यक्तिगत तथा सामुहिक क्षमताको विकास गर्दै विकास प्रक्रियामा अर्थपुर्ण सहभागिताको सुनिश्चित गरी आर्थिक, सामाजिक, राजनैतिक र सार्वजनिक जिवनमा सशक्तिकरण गर्ने ।**

**रणनीतिः**

५.१.लैङ्गिक दृष्टिकोणबाट लक्षित समुदायको प्रत्यक्ष रोजगारी वृद्धि हुने किसिमको कार्यक्रम कार्यान्वयन गर्ने ।

५.२ लक्षित वर्गलाई स्थानीय स्रोत तथा साधनको लाभको र उपयोगमा पहुँच र नियन्त्रणको सुनिश्चित गर्ने ।

**रणनीतिः ५.१. लैङ्गिक दृष्टिकोणबाट लक्षित समुदायको प्रत्यक्ष रोजगारी वृद्धि हुने किसिमको कार्यक्रम कार्यान्वयन गर्ने ।**

**कार्यनीतिः**

५.१.१.स्थानीय उत्पादनलाई आर्थिक विकास सँग जोडेर प्रवन्धन गर्न आवश्यक औजार तथा मेशिनहरु उपलब्ध गराइनेछ ।

५.१.२.लक्षित समुदायहरुलाई व्यक्तिगत तथा सामुहिक रुपमा सिपमूलुक तालिम उपलब्ध गराई स्थानीय स्रोत, साधन,र सिपको उचित व्यवस्था गरिनेछ ।

५.१.३.उच्च पर्यटकिय सम्भावना भएको क्षेत्र हुनाले भाषा र होटल व्यवसाय सम्वन्धित विभिन्न तालिमहरुका साथै सुविधा उपलब्ध गराइनेछ ।

५.१.४.सामुहिक रुपमा घरबास(Homestay)पर्यटन व्यवसायलाई सञ्चालन गर्न विशेष प्राथमिकता दिईनेछ ।

५.१.५. स्थानीय उत्पादनलाई पर्यटनसँग जोडी महिलाको आर्थिक सुधारमा जोड दिइनेछ ।

**रणनीति :५.२ लक्षित वर्गलाई स्थानीय स्रोत तथा साधनको लाभको र उपयोगमा पहुँच र नियन्त्रणको सुनिश्चित गर्ने ।**

**कार्यनीतिः**

५.२.१.वडास्तर वा समदाय स्तरमा एक काशेली घरको स्थापना गरी स्थानीय उत्पादनलाई पर्यटन व्यवसाय सँग जोडि आर्थिक विकासमा जोड दिँइनेछ ।

५.२.३.स्थानीय स्रोत, साधन तथा उत्पादनको लागि बजार, प्रशोधन केन्द्र र भण्डारणको व्यवस्था गरिनेछ ।

५.२.४.स्थानीय स्रोत,साधनर उत्पान तथा उपभोगमा दिगो विकासको लागि वातावरण मैत्री विकासका योजना सम्बन्धी सस्थागत रुपमा सचेतिकरण अभियान सञ्चालन गरिनेछ ।

५.२.५.जेष्ठ नागरिक, भिन्न तरिकाले सक्षम व्यक्तिहरुको सँग सरोकारवाला जनप्रतितिधी बीच अन्तरकृया कार्यक्रम सञ्चालन गरिनछ र उनीहरुको समस्या र आवश्यक्ता लाई ध्यानमा राखि भौतिक पुर्वाधारको विकास गरिनेछ ।

५.२.६.महिला र बालबालिकाहरुलाई महिला अधिकार, बाल अधिकार, चेलिबेटी बेचविखन, बाल दुर्व्यसन  जस्ता गम्भिर विषयहरुको बारेमा  चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.२.७. पलिकामा विशेष गरी बालबालिका, जेष्ठ नागरिक अशक्त तथा भिन्न तरिको सक्षम

व्यक्तिहरुको क्षमता अभिवृद्धि र आय आर्जन तथा रोजगारी वृद्धि गर्नुको साथै सामाजिक संक्षण तथा सुरक्षा प्रदान गरिनेछ ।

५.२.८. कृषि, सहकारी, पर्यटन आदिको समुचित विकास एवं प्रबर्दन गरी पालिकाबासीको लागि स्वरोजगारको व्यवस्था गरिनेछ ।

५.२.९.गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणकालागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिन रुपमा हासिल गर्न सक्ने गरी सुचाङ्कहरुको सूची तयार गरिनेछ ।

५.२.१०.पालिकास्तर, वडास्तर, तथा समुदायस्तरमा गठन गरिने विभिन्न सञ्जाल, समूह तथा समितिहरुमा महिला, दलित, भिन्न तरिकाले सक्षम भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्याक, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको लैससासको आधारमा आर्थिक, सामाजिक, राजनैतिक र सार्वजनिक जीवनमा सशक्तिकरण गरी समानुपातिक सहभागिगताको आधारमा प्रतिनिधित्व तथा  अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिने छ ।

# परिच्छेद-चार

## नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम तथा अपेक्षित उपलब्धिहरु

### १२. नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिनेछ ।

| क्र.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १ | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानीय तहको प्राथमितामा नपर्नु । | लैससासको बुझाइमा एकरुपता ल्याउन सहभागितामुलक छलफल गरिनेछ । लैससासलाई प्राथमितामा राख्ने नीतिगत व्यवस्था गरिनेछ । |
| २ | नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु । | सरोकारवाला बिचमा नियमित साझा बैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका व्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने । |
| ३ | खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | लक्षित समुदयको पहिचान गर्न, सूचक निर्धारण गर्ने र लैससासको खण्डिकृत तथ्याङ्क तथा सूचाङ्कहरुको आधारमा कार्यक्रमहरु कार्यावयन गरिनेछ । |
| ४ | आर्थिक स्रोतको अभाव हुनु । | स्थानीय तहको एकमुष्ठ बजेटबाट लक्षित समुदायकोलागि निश्चित न्यूनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार गर्ने र प्रत्येक आगामी आर्थिक वर्षको बजेट गत वर्षको तुलनामा बजेट बढाउदै लैजाने । |
| ५ | भेदभाव जन्य प्रचलन तथा व्यवहारहरु | विद्यमानसबै प्रकारका भेदभावजनय प्रचलन, व्यवहार र कुरितिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुकमा र भइरहेको कानूनहरुको पुनरावलोकन गरिनेछ । चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । कुनै पनि प्रकारको हिसां, विभेद, शोषण, बेवास्ता र हानिकारक अभ्यासहरुमा गाउँपालिकाको सून्य सहनशिलताको नीति लिइनेछ |

**१३. लैससास नीतिका अपेक्षित उपलब्धिहरु :**

१३.१. गाउँपालिकाको नीति, कानून व्यवस्था तथा मापदण्डहरु लैससास उत्तरदायी भएको हुनेछ ।

१३.२. लक्षित वर्गहरु सशक्तिकरण भइ अधिकारको दाबी गर्न सक्ने अवश्थामा पुगेका हुनेछन् ।

१३.३.पालिकाको निर्णय प्रक्रियामा लक्षित वर्गको पहुँचमा वृद्धि भएको हुनेछ ।

१३.४.सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी  सघंसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई र कार्य शैली भएको गाउँपालिका हुनेछ ।

१३.५.योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको हुनेछ ।

१३.६.योजना तजुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन प्रक्रिया लैससास मैत्री हुनेछ ।

१३.७. गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता गराई पछाडि परेका वर्गको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक समाजको श्रृजना तर्फ अग्रशर भएको हुनेछ ।

१३.८.नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न र राष्ट्रिय तथा लैससास सम्बन्धमा गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धता, संघीय र प्रदेश सरकारले गरेका प्रतिवद्धता अनुरुपको दायित्व पुरा भएको गाउँपालिका हुने छ ।

# परिच्छेद-पाँच

## लैससास नीतिको कार्यान्वयनको व्यवस्था

### १४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन समिति

लैससास नीतिमा उल्लेख भएका प्रावधानलाई नासौं गाउँपालिकामा कार्यान्वयन तथा अनुगमन गर्ने, संघ तथा प्रदेश सरकारले दिशा निर्देश गरेका नीति तथा निर्देशनलाई कार्यान्वयन गर्न र लैससासका सवालहरुलाई पालिकामा प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमको समितिहरुको व्यवथा रहने छ ।

**१४.१.गाउँपालिका स्तरमा लैससास समन्वय समिति**

| | |
|---|---|
| (क)अध्यक्ष | संयोजक |
| (ख)उप-अध्यक्ष | सदस्य |
| **(ग)**प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ)संयोजक, सामाजिक विकास समिति | सदस्य |
| **(ङ)** कार्यपालिका सदस्यहरुबाट संयोजकले तोकेको (महिला, दलित, जनजाति मध्यबाट ) | दुइ जना सदस्य |
| **(च)** सामुदायिक संघ सस्था मध्येबाट संयोजकले तोकेको (दलित, जनजाति, अल्पसंख्यक र कम्तीमा दुइ महिला सहित) | पाँच जना सदस्य |
| **(छ)** प्रमुख, सामाजिक विकास शाखा | सदस्य सचिव |

**(समितिमा ७ देखि १३ जना सम्म राख्न सकिनेछ)**

### १४.२. लैससास समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**(क)** लैससास नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्न र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने ।

**(ख)**योजना तर्जुमा गर्दा लैससास उत्तरदायी बनाउन आवश्यक प्राविधिक सहयोग गर्ने ।

**(ग)**पालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, निर्देशिका, आवधिक योजना, रणनितिक योजना, पाश्वचित्र लगाएत प्रकाशित हुने अन्य सबै लिखित दस्तावेजहरुमा लैससासको विषयवस्तु समावेश गरी मूलप्रवाहीकरण गर्न आवश्यक प्राविधिक सहयोग गर्ने ।

**(घ)** लैससास नीतिको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

**(ङ)** पालिका भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति मधेशी, मुस्लिम, तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएका समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।

**(च)** संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

**(छ)** लैससास नीतिअनुरुप लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने ।

**(ज)** सार्वजनिक सुनुवाइ, सामाजिक लेखाजोखा र लैससास लेखाजोखा गर्न नेतृत्वदायी भूमिका निभाउने ।

**(झ)** लैससास सम्वन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**(ञ)** योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा लक्षित वर्गका समुदायको अर्थपूर्ण सहभागिता गराउन र कार्यक्रमलाई समावेशी र लैससास मैत्री बनाउन नेतृत्वदायी भूमिका निभाउने ।

**(ट)**समाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

**(ठ)** यी माथि उल्लेखित कार्यहरु गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने ।

## १४.३. लैससास समन्वय उप-समिति (वडा स्तरमा)

| | |
|---|---|
| **(क)** वडा अध्यक्ष | संयोजक |
| **(ख)** वडा सदस्यहरु (महिला, दलित महिला सहित ) | ३ जना सदस्य |
| **(ग)** वडा सचिव | सदस्य सचिव |
| **(घ)** अतिथि संघसस्थाबाट आवश्यक्ता अनुसार | २ जना |
| **(ङ)**महिला, बालबालिका तथा जेष्ठ नागरिक विषय हेर्ने अधिकृत वा कर्मचारी | १ जना |

## १४.४. लैससास समन्वय उप समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ

**(क)** पालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु (ऐन, कानून, नीति, आवाधिक योजना, पार्श्वचित्र र अरु प्रकारिशत हुने सबै प्रकारका दस्तावेजहरु) समुदाय तथा नागरिक समाजसँग छलफल गरी लैससासको विषयवस्तुको समावेश गरी मुल प्रवाहिकरण गर्न सहयोग गर्ने ।

**(ख)** वडातहको खण्डिकृत तथ्यांकको व्यवस्था गर्न र समयानुकल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने ।

**(ग)** पालिकाको योजना तथा बजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग तथा लक्षित समुदायहरुलाई सहभागि गराउन नागरिक समाजसंग समनवय र सहकार्य गर्ने ।

**(घ)** वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतृत्वदायी भूमिका निभाइने ।

**(ङ)**वडा भित्रका महिला, बालबालिका लगाएत वन्चितीकरणमा परेका सामुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समसया समाधानका लागि योजनाको माग गर्न वकालत पनि गर्ने ।

**(च**) वडा कार्यलयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसा र दुर्व्यबहार सम्वन्धी विषयमा प्राप्त गुनासाहरु लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन , सुपरिवेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउन आवश्यक समन्वय गर्ने ।

**(छ**) लैङ्गिक हिंसा तथा घरेलु हिंसा र दुर्व्यबहार सम्वन्धी विषयमा गुनासोहरुको संकलन, दर्ता तथा व्यवथापन सम्यन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने ।

**(ज**) नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधन गर्न अवश्यक व्यवस्था गर्ने ।

**(झ**) लैङ्गिक तथा सामाजिक समोशीकरण नीति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने,

**(ञ**) आवधिक, वार्षिक,योजना तर्जुमा कार्यान्वयन बजेट बाँडफाट खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणाली सामाजिक समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धित गाउँपालिकालाई सुझाव दिने ।

**(ट**) लैससास सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

**(ठ**) लैससास मूलप्रभाहीकरण र यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र अधिकारमुखी संघ संस्थाहरु सँग समन्वय र सहकार्य गर्ने र गराउने ।

**(ड**) माथि उल्लेखित कार्यहरु गर्न कार्य जोजना बनाइ कार्यान्वयन गर्नेर गराउने ।
यी माथि उल्लेखित कार्यहरु बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने पालिका स्तरिय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिकरुपमा बस्ने छ । वडास्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ

## (१५) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) शब्दावली तथा परिभाषा

**लै. स. सा.स. :** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ।

**लक्षित समुदाय :** यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समूदायको रुपमा मानिएको छ । समुदायमा पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित, तथा पछाडि पारिएका वा बहिष्करणमा परेका समुदाय भन्ने बुझ्नुपर्दछ ।

**सामाजिक वञ्चितिकरण :** परम्परा देखि चलिआएको अनौपचारिक मुल्य मान्यता बमोजिम लिगं, जातजाति, धर्म, आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई मान्नुपर्छ ।

**अल्पसंख्यक :** संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेको जातिय भाषिक र धार्मिक समूह सम्झनु पर्छ ।

**सीमान्तकृत :** राजनितिक, आर्थिक, र सामाजिक रुपले पछाडि पारिएका, भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट बञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र यो शव्दले अति सीमान्तकृत र लोपन्मुख समुदाय समेतलाई जनाउँछ

**लैङ्गिक समानता :** महिला,पुरुष र बिच सबै तह र क्षेत्रमा समान अवसर र समान लाभ हाँसिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

**लैङ्गिक समता :** अवसर र न्यायबाट बञ्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थीतिको निर्माण गर्न गरिने प्रयासलाई सम्झनु पर्छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :** महिला तथा परुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान सम्वन्धहरुलाई पुन सुनिश्चित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर, एंव सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई बुझ्नु पर्दछ ।

**लैङ्गिक उत्तरदायी बजेट:** लैङ्गिक समानताको लागि बजेट सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहिकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकिकरण गर्दै कार्यक्रम छनौट गरी लगानि गर्ने पद्धतिलाई जनाउँछ ।

**लैङ्गिक मूलप्रवाहीकरण :** कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिकरणमा परेका वा पारिएका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

**सशक्तिकरण :** विकासका अवसरहरुबाट वञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडि परेका अशक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

**खण्डीकृत तथ्याङ्क :** महिला तथा पुरुष, जातिय अल्पसंख्यक समूह, अपाङ्गता भएका तथा अन्य सीमान्तकरण परेका समूहहरुको तहगत तथ्थाङ्कलाई बुझ्नुपर्दछ ।

**सामाजिक समावेशीकरण :** अवसर तथा स्रोत साधन उपभोग बाट वञ्चित भई जाखिममा परेका र आर्थिक, सामाजिक तथा सास्कृतिक जीवनयापन गर्न बाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समुहहरुलाई विकास निर्माण र कार्य सम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई बुझ्नुपर्दछ ।

**गैरसरकारी संस्था :** प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था बुझ्नुपर्दछ ।

**स्थानीयकरण :** कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थीति वा अवस्था अनुसार ढाली अधिक्तम उपयोग गर्ने प्रकृया बुझ्नुपर्दछ ।

**उपभोक्ता समिति :** जनचेतना सम्वन्धी तालिम, अभिमुखिकरण, सिप विकास, बचत, कर्जा परिचालन समावेशी विकास र सशक्तिकरण गर्ने उदेश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा स्विकृत भएका समुदायहरु आधारित संस्था बुझ्नुपर्दछ ।

**बञ्चित समुह :** परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित, अल्पसंख्यक, जेष्ठ नागरिक, बालबालिका एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता बुझ्नुपर्दछ ।

**लै.स.सा.स.बजेट :** स्थानीय निकायको योजना तर्जुमा गर्दा समानमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग, र समुदायका महिला, पुरुष, तेश्रोलिङ्गी, अपाङ्गता भएका व्यत्तिहरु, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यक्तालाई सहभागितामुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई बुझ्नुपर्दछ ।

**सामाजिक परिक्षण :** संस्थाद्धारा सञ्चालित कार्यक्रमको सामाजिक आर्थिक तथा वातावरणीय लाभ एंव मापदण्डहरुको लेखाजोखा सहित सामाजिक रुपमा प्रर्दशन गर्न प्रकृयालाई बुझ्नुपर्दछ ।

## १६.नीतिको पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मुल्याङ्कन गरी पाँच/पाँच वर्षमा नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गर्दै लगिनेछ ।

## १७. खारेजी तथा बचाउ

यस नीतिमा उल्लेखित कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म सम्बन्धित कानून बमोजिम नै हुनेछ ।

# नासौँ गाउँपालिका लैससास मूलप्रवाहिकरण कार्ययोजना

| क.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| १ | पलिकाको आवधिक योजना, पार्श्वचित्र र अन्य नीति तथा कार्यविधिहरु बनाउने प्रकृयालाई लैससास सम्वेदनशील र उत्तरदायी बनाउने । | नासौँ गाउँपालिका | विषय विज्ञहरु | नासौँ गाउँपालिका | नीति स्वीकृत भएको ४ महिना भित्र |
| २. | पालिकाको लैससासको खण्डिकृत तथ्याङ्क तयार गर्ने यसलाई नियमित अद्यावधिक गर्ने । | महिला, बालबालिका तथा सामाजिक विकास शाखा,लैससास सम्पर्क व्यक्ति | विषय विज्ञहरु, लैससास क्षेत्रमा काम गर्ने संघ संस्थाहरु | नासौँ गाउँपालिका | नीति स्वीकृत भएको २ महिना भित्र |
| ३. | लैससासको विषयलाई अगुवाई गर्ने र सम्पर्क व्यक्तिको रुपमा काम गर्न लैससासका श्रोत व्यक्तिहरु विकास गर्दै जाने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, | विषय विज्ञहरु | नासौँ गाउँपालिका तथा संघ, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरु | नीति स्वीकृत भएको १ महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञताको विकास गर्ने |
| ४. | पालिकाका सबै वडासँग नियमित समन्वय र सहकार्य गर्ने, नीतिको प्रभावकारिता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार नियमित गर्ने | सामाजिक विकास शाखा, तथा योजना शाखा, नासौँ गाउँपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहररु | संघ प्रदेश र स्थानीय सरकार बाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरु, निजी क्षेत्रबाट प्राप्त बजेटलाई समेत परचालन गरिने छ | नीति स्वीकृत भएको १ महिना भित्र, त्यसपछि निरन्तररुपमा वर्षभरी |
| ५. | गाउँपालिकाको सदस्यहरु र कर्मचारीहरुलाई लैससास उत्तरदायी योजना तर्जुमा, कार्यान्वयन र परिक्षण साथै लेखाजोखा सम्बन्धी अभिमुखिकरण | महिला तथा बालबालिका शाखा तथा सामाजिक शाखा, लैससास सम्पर्क व्यक्ति | विषय विज्ञहररु | नासौँ गाउँपालिका | नीति स्वीकृत भएको २ महिना भित्र |